# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## आर्थिक वर्ष २०७८/०७९ को बैशाख-असारमा सम्पादित क्रियाकलापको विवरण




गण्डकी प्रदेश सरकार

पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

पोखरा नेपाल

## विषय सूची

१. मन्त्रालयको स्वरुप र प्रकृति
२. मन्त्रालयको काम, कर्तव्य र अधिकार
३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. मन्त्रालयबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्वन्धित शाखा प्रमुख
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. आ.व. २०७८/०७९ मा सम्पादित कामको विवरण
१०. मन्त्रालयबाट हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरु
११. सुचना अधिकारी र प्रमुखको नाम र पद
१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण
१४. तोकिए बमोजिमका अन्य विवरण
१५. मन्त्रालयको वेवसाइट
१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको विवरण
१७. मन्त्रालयमा परेको सूचना माग सम्वन्धी निवेदन र सूचना दिईएको विषय
१८. मन्त्रालयले गरेको प्रकाशन विवरण

## १. मन्त्रालयको स्वरुप र प्रकृति

संघीयता कार्यान्वयन संगै वि.सं. २०७४ सालमा प्रदेश सरकार गठन भए पछि यस प्रदेश भित्रको समग्र आर्थिक श्रोतको मेरुदण्ड तथा उपभोक्ताको दैनिक उपभोग्य वस्तु उपलब्ध गराई सेवा पुऱ्याउने, उद्योग व्यवसायको नियमन विकास तथा गुणस्तरीय सेवा सर्वसुलभ रुपमा उपभोक्ता बीचमा पुऱ्याउन, समग्र व्यवसायको उत्थान तथा विकास गर्ने तथा पर्यटनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा पर्यटकलाई आकर्षिक गरी देशको प्रमुख पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्नु प्रदेश सरकारको मूल मर्म हो । यसै कुरालाई ध्यानमा राखेर मिति २०७४ सालमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय स्थापना भई कार्य सम्पादन भई आएकोमा गण्डकी प्रदेश सरकारको मिति २०७८।०२।०५ को निर्णयानुसार पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिको कार्य क्षेत्र समेट्ने गरी छुट्टै पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्थापना भई कार्य सुरु भएको हो । यस अन्तर्गत प्रदेश स्तरमा उद्योग, वाणिज्य, तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, मातहतका ११ वटा घरेलु तथा साना उद्योग कार्यालयहरु र पर्यटन कार्यालय कास्कीबाट कार्य सम्पादन हुँदै आएको छ । कार्य सम्पादन गर्दा प्रदेश कानून नबनेको हकमा संघीय कानून बमोजिम र प्रदेश कानून बनिसकेको हकमा सही बमोजिम कार्य सम्पादन हुँदै आएको छ ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

प्रदेश कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यजिम्मेवारीः
(मिति २०७८।०२।०५ गते प्रदेश राजपत्रमा प्रकाशित)

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| २ | प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक र अन्य पर्यटन सम्वन्धी |
| ३ | पर्यटक प्रहरी व्यवस्थापन |
| ४ | पर्यटकीय होटेल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ एजेन्सी, गाइड, ऱ्याफ्टिङ आदिको दर्ता, अनुमति, नविकरण र नियमन |
| ५ | होमस्टे सम्वन्धी नीति, कानून, मापदण्ड निर्धारण तथा विकास प्रवर्द्धन नियमन |
| ६ | पर्यटकीय पूर्वाधार, गन्तव्य र उपजको विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ७ | पर्यटकीय सेवाको विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ८ | पर्यटन सेवाको ब्राण्डिङ र प्रवर्द्धन |
| ९ | पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रसंग अग्र र पृष्ठ सम्वन्ध विकास र विस्तार |
| १० | व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्वन्धी प्रदेश नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन र सेन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| ११ | प्रादेशिक व्यापार सम्वन्धी पुर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १२ | ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| १३ | आर्थिक तथा औद्योगिक विषयमा करार जन्य सम्झौता |
| १४ | व्यापारिक फार्महरुको दर्ता, नविकरण, खारेजी र नियमन |
| १५ | खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रदेश नीति, कानून र मापदण्ड |
| १६ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्वन्धी कार्य |
| १७ | प्रदेशका कल कारखाना र औद्योगिकरणको सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । |
| १८ | उद्योग दर्ता, अनुमति, नविकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन |
| १९ | प्रदेशस्तरको औद्योगिक क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र विशेष क्षेत्रको स्थापना, सञ्चालन र बिस्तार |
| २० | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| २१ | उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| २२ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियमन्त्रण तथा नियमन |
| २३ | सङ्घीय मापदण्ड अनुसार स्टाण्डर्ड नापतौल, गुणस्तर परीक्षण र नियमन |
| २४ | प्रदेश तथा जिल्लास्तरका उपभोक्ता अदालत गठन र सञ्चालन |
| २५ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तुको माग र आपूर्ति सम्वन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन, सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दात व्यवस्था र आपूर्तिमा अन्तरप्रदेश र स्थानीय तहबीच समन्वय |
| २६ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन |
| २७ | करार साझेदारी र एजेन्सी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २८ | सङ्घ संगको समन्वयमा कम्पनी स्थापना सम्वन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनि प्रशासन । |
| २९ | दामासाहीमा परेका उद्योग, व्यवसायी, कम्पनी तथा फर्म व्यवस्थापन सम्वन्धी नीति कानून मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| ३० | प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| ३१ | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्वन्धी |
| ३२ | प्रदेशभित्रका साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३३ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| ३४ | उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरु उपयोग |
| ३५ | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |

## ३. मन्त्रालय र मातहतका कार्यालयहरुमा रहने कर्मचारी संख्या र कार्य विवरण

३.१. मन्त्रालयको दरवन्दी र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सामान्य प्रशासन | राप्रथम.प. | १ | १ | ० |
| २ | महाशाखा प्रमुख | प्रशासन | सामान्य प्रशासन | अधिकृत नवौं/दशौं | ३ | २ | १ |
| ३ | शाखा प्रमुख | प्रशासन | सामान्य प्रशासन | अधिकृत सातौं/ आठौं | ६ | ६ | ० |
| ४ | लेखा अधिकृत | प्रशासन | लेखा | अधिकृत सातौं/ आठौं | १ | ० | १ |
| ५ | कानून अधिकृत | न्याय | कानून | अधिकृत सातौं/ आठौं | १ | ० | १ |
| ६ | सहायक | प्रशासन | सामान्य प्रशासन | पाँचौ/ छैटौं | ५ | ० | ५ |
| ७ | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौ/ छैटौं | १ | ० | १ |
| ८ | तथ्याङ्क सहायक | आ.यो.त. | तथ्याङ्क | पाँचौ/ छैटौं | १ | ० | १ |
| ९ | सहायक | प्रशासन | सामान्य प्रशासन | चौथों/पाँचौ | १ | १ | ० |
| १० | हलुका सवारी चालक | इन्जिनियरिङ्ग | मेकानिकल | विहिन | ५ | ५ | ० |
| ११ | कार्यालय सहयोगी | प्रशासन | सामान्य प्रशासन | विहिन | ५ | ५ | ० |
| | | | | **जम्माः** | **३०** | **२०** | **१०** |

३.२ मन्त्रालय मातहतका प्रदेश र जिल्लास्थित कार्यालयहरुको दरवन्दी र पदपूर्ति विवरणः

३.२.१ उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको दरवन्दी विवरणः-

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | निर्देशक | प्रशासन | सा.प्र. | अधिकृत नवौं/दशौं | १ | | |
| २ | अधिकृत प्रशासन | प्रशासन | सा.प्र. | अधिकृत सातौं/ आठौं | ३ | | |
| ३ | अधिकृत माइनिङ्ग | इन्जिनियरङ | | अधिकृत सातौं/ आठौं | १ | | |
| ४ | सहायक/ अधिकृत | प्रशासन | लेखा | पाँचौ/ छैटौं | १ | | |
| ५ | सहायक/ अधिकृत | प्रशासन | सा.प्र. | पाँचौ/ छैटौं | ६ | | |
| ६ | सहायक/ अधिकृत | प्रशासन | सा.प्र. | पाँचौ/ छैटौं | २ | | |
| | | | | **जम्माः** | **१४** | | |

३.२.३ पर्यटन कार्यालय, पोखराको दरवन्दी विवरणः-

| सि.नं. | पद | सेवा | समुह | तह | दरवन्दी | पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | | |
| २ | कर्मचारी | प्रशासन | सा.प्र. | सातौं/आठौं | २ | | |
| ३ | कर्मचारी | प्रशासन | सा.प्र. | पाँचौं/छैटौं | ५ | | |
| ४ | कर्मचारी | प्रशासन | सा.प्र. | चौंथो/पाँचौं | १ | | |
| ५ | लेखापाल | प्रशासन | लेखा | चौंथो/पाँचौं | १ | | |
| ६ | कम्प्यूटर सहायक | प्रशासन | विविध | चौंथो/पाँचौं | १ | | |
| ७ | ह.स.चा. | प्रशासन | बिहिन | तहविहिन | १ | | |
| ८ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | तहविहिन | २ | | |
| | | | | **जम्माः** | **१४** | | |

३.२.३ घरेलु तथा साना उद्योग कार्यालय, कास्कीको दरवन्दी विवरणः-

| सि.नं. | पद | सेवा | समुह | तह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | १ | | |
| ३ | शिक्षक | विविध | विविध | पाँचौं/छैटौं | ७ | | |
| ४ | सहायक | प्रशासन | सा.प्र. | चौंथो/पाँचौं | २ | | |
| ५ | लेखापाल | प्रशासन | लेखा | चौंथो/पाँचौं | १ | | |
| ६ | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौं/छैटौं | १ | | |
| ७ | हलुका सवारी चालक | इन्जिनियरिङ | मेकानिकल | तहविहिन | १ | | |
| ८ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | तहविहिन | ४ | | |
| | | | | **जम्माः** | **१८** | | |

३.२.४ घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी(वर्दघाट सुस्तापूर्व)को दरवन्दी विवरणः

| सि.नं. | पद | सेवा | समुह | तह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | | |
| २ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | २ | | |
| ३ | सहायक | प्रशासन | सा.प्र. | पाँचौं/छैटौं | ५ | | |
| ४ | सहायक | प्रशासन | सा.प्र. | चौंथो/पाँचौं | १ | | |
| ५ | लेखापाल | प्रशासन | लेखा | चौंथो/पाँचौं | १ | | |
| ६ | कम्प्युटर अपरेटर | विविध | विविध | चौंथो/पाँचौं | १ | | |
| ७ | हलुका सवारी चालक | इन्जिनियरिङ | मेकानिकल | तहविहिन | १ | | |
| ८ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | तहविहिन | २ | | |
| | | | | **जम्माः** | **१४** | | |

३.२.५ घरेलु तथा साना उद्योग कार्यालयहरुको दरवन्दी र पदपूर्तिको अवस्थाः-

घरेलु तथा साना उद्योग कार्यालय मनाङ,मुस्ताङ,लमजुङ,बाग्लुङ,म्याग्दी, पर्वत, स्याङ्जा,तनहुँ र गोरखा

| सि.नं. | तह | सेवा | समुह | संख्या | पद | कुल संख्या | रिक्त | पूर्ति |
|---|---|---|---|---|---|---|---|---|
| १ | सातौं/आठौं | प्रशासन | सा.प्र. | १ जना | कार्यालय प्रमुख | ९ | | |
| २ | पाँचौं/छैटौं | प्रशासन | सा.प्र. | २ जना | कर्मचारी | १८ | | |
| ३ | चौंथो/पाँचौं | प्रशासन | लेखा | १ जना | लेखापाल | ९ | | |
| ४ | चौंथो/पाँचौं | प्रशासन | विविध | १ जना | कम्प्यूटर सहायक | ९ | | |
| ५ | तहविहिन | प्रशासन | सा.प्र. | २ जना | कार्यालय सहयोगी | १८ | | |
| | | | | | **कुल नौ वटा कार्यालयहरुको दरवन्दीः** | **६३** | | |

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवाहरु

- ✓ मन्त्रालयको सामान्य प्रशासन
- ✓ मन्त्रालयको आर्थिक प्रशासन
- ✓ मन्त्रालय तथा मातहत निकायहरुबाट कार्यान्वयन हुने कार्यक्रम तथा योजना तर्जुमा

- ✓ स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयन
- ✓ मातहतका कार्यालयहरुको अनुगमन मुल्यांकन
- ✓ प्रदेशका गौरवका आयोजनाको कार्यान्वयन, अनुगमन र मुल्यांकन
- ✓ मन्त्रालयको कार्यक्षेत्रसंग सम्वन्धित विषयका नीति, ऐन, कानून, कार्यविधि तथा मापदण्ड तर्जुमा

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी

| क्र.सं. | महाशाखा/शाखा | कर्मचारीको नाम | पद | श्रेणि |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना महाशाखा | दिनेश प्रकाश आचार्य | अधिकृत | नवौं |
| | योजना तथा अनुगमन / सार्वजनिक खरिद | बिमल प्रसाद गौतम | अधिकृत | सातौं |
| | प्रशासन | गोविन्द प्रसाद पौडेल | अधिकृत | सातौं |
| | आर्थिक प्रशासन | कृष्ण पोखरेल | लेखा अधिकृत | सातौं |
| | कानून, तथा फैसला कार्यान्वयन शाखा | अरुण अधिकारी | कानून अधिकृत | रा.प.तृ. |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति महाशाखा | राम प्रसाद आचार्य | अधिकृत | दशौं |
| | वाणिज्य तथा आपूर्ति | अविनाश कुँवर | अधिकृत | सातौं |
| | औद्योगिक प्रवर्द्धन | सिर्जना सुवेदी | अधिकृत | सातौं |
| ३ | पर्यटन महाशाखा | दिनेश प्रकाश आचार्य | अधिकृत | नवौं |
| | पर्यटन प्रर्वद्धन | दुर्गा वहादुर श्रीस | अधिकृत | सातौं |
| | पर्यटन प्रर्वद्धन | जगन्निवास भण्डारी | सहायक | पाचौं |

## ६. सेवा प्रदन गर्न लाग्ने दस्तुर र अवधी:-

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा नि:शुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:-

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिबबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:-

प्रदेश सचिव ज्ञानेन्द्र पौडेल

## ९. आर्थिक वर्ष ०७८/७९ मा हालसम्म सम्पादन भएका कामको विवरण :-

| क्र. सं. | कार्यक्रमको विवरण | विनियोजित बजेट | वार्षिक प्रगती | | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | |
| १ | सवै निर्वाचन क्षेत्र समेटीने गरी प्रमुख पर्यटकीय गन्तव्यहरुको DPR तयारी | २५०००००० | १०० | ९८ | २४४६८०२ |
| २ | उद्योग र पर्यटन लक्षित मेला महोत्सवका लागि सहयोग | १०००००० | ९५ | ९९ | ९९२५५२ |
| ३ | पर्यटन व्यवसायसंग आवद्द श्रमिकहरुलाई राहत वितरण | १०००००००० | ६७ | ६७ | ६७२०००० |
| ४ | प्रदेश व्यवसाय मञ्च संचालन | १०००००० | ५ | ३ | २७५०० |
| ५ | प्रदेशस्तरमा उद्यमी लगानीकर्ता सम्मेलन | १०००००० | १०० | ५७ | ५७०६७० |
| ६ | एक स्थानीय तह एक उद्योगग्राम पुर्वाधार निर्माण | १५०००००० | २० | २० | ३०००००० |
| ७ | नीति, ऐन, नियम, कार्यविधी, निर्देशिका तर्जुमा | २००००० | लक्ष्य नतोकिएको | १०० | १९९३७५ |
| ८ | पर्यटन दिवस एवं पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम | १५००००० | १०० | ८५ | १२७२८६६ |
| ९ | लोकाहाखोला र पुँडीटारमा प्रदेशस्तरीय औद्योगिक क्षेत्रमा पुर्वाधार निर्माण | ३१०००००० | ४२ | ४२ | १३०७२९० |

## १०. मन्त्रालयबाट चालु आ.व.मा हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरुः

**पर्यटनः**

- गण्डकी प्रदेशको पर्यटन प्रवर्ध्दनका लागि २०७८ असोज महिनामा प्रदेश नं. २ का मा. मुख्यमन्त्री तथा विभिन्न देशका कुटनीतिक नियोगका प्रमुख/प्रतिनिधी र अन्तराष्ट्रिय विकास साझेदार संघसंस्थाका प्रमुखहरुलाई पोखरा भ्रमणका लागि आमन्त्रण गरी विश्व पर्यटन दिवस २०२१ मनाईयो।
- मधेश प्रदेशका मा. मुख्यमन्त्रीज्युको निमन्त्रणामा यस प्रदेशबाट मा. मुख्यमन्त्री सहितको भ्रमण टोलीद्धारा मधेश प्रदेशको अन्तर प्रदेश पर्यटन प्रवर्द्धनको लागि सद्भावना भ्रमण सम्पन्न भएको ।
- कोभिड १९ महामारीले प्रत्यक्ष प्रभावित भएको पर्यटन क्षेत्रलाई पुनर्उत्थानका लागि गण्डकी प्रदेश सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम UNDP बीच Sustainable Tourism Recovery Project In Gandaki Province परियोजना कार्यान्वयनका लागि नेपाल सरकार अर्थ मन्त्रालयमा पठाईएकोमा सहमति प्राप्त भएको ।
- पर्यटन व्यवसायीको छाता सँगठनहरुसँगको सहकार्यमा पर्वतको लेसपार, बागलुङको भकुण्डे तथा कास्कीको हेम्जा र लेकसाईडमा आन्तरिक पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रम सम्पन्न ।
- पोखरा अन्तराष्ट्रिय विमानस्थललाई सञ्चालनमा ल्याउनका लागि सरोकारवालाहरुसँग समन्वय, छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- पोखरालाई अन्य प्रदेशहरुसँग जोड्न अन्तर प्रदेश हवाई सम्पर्क कायम गरिएको र एयरलाईन्सहरु सँग नियमित हवाई उडानका लागि पहल भैरहेको ।

**उद्योग वाणिज्यः**

- प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन कास्कीको लुम्लेमा सम्पन्न भएको ।

- नेपाल सरकारसँगको समन्वयमा पोखरा महानगरपालिकाको वडा नं ३३ को पुँडीटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालनार्थ जग्गा प्राप्तिका लागि नापी तथा मालपोत कार्यालयहरुसँग समन्वय गरी नापी र सर्भेको काम सम्पन्न भएको ।
- जिल्लाका उद्योग वाणिज्य संघ संस्थाहरुले आयोजना गरेका मेला महोत्सव सञ्चालनमा सहयोग गरिएको ।
- उद्योग वाणिज्यसंघसँगको सहकार्यमा उद्योग तथा वाणिज्य फर्मको दर्ता नविकरण सम्वन्धी अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको ।
- घरेलु तथा साना उद्योग कार्यालयहरुबाट सीपमूलक तालिम र उद्यमशिलता विकास तालिम सम्पन्न भएको ।
- उद्योग प्रवर्द्धनका लागि उद्यमीहरुसँगको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न भएको ।
- उद्योग वाणिज्य प्रशासनसँग सम्वद्द तथ्याङ्कहरुको विद्युतिय अभिलेखन (Digitization) कार्य भैरहेको ।

**आपूर्तिः**

- प्रदेश भित्रको आपुर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोग्य बस्तु तथा सेवाको मुल्य, गुणस्तर कायम गर्न १०४ पटक बजार अनुगमन गरी गुणस्तर र मुल्य नियन्त्रणको प्रयास गरिएको ।
- नियम विपरित कार्य गरेका १० वटा फर्म तथा व्यवसायीलाई कारवाही गरी रु. ६ लाख राजश्व संकलन गरिएको ।
- उपभोक्तालाई दैनिक उपभोग्य बस्तु तथा सेवा खरिद गर्दा अपनाउनु पर्ने सतर्कताका लागि चेतनामूलक कार्यक्रम सम्पन्न गरिएको ।

**नीतिगत सुधारः**

- गण्डकी प्रदेशमा पर्यटन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश भै छलफलको चरणमा रहेको ।
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ संशोधनका लागि कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयमा मार्फत प्रदेश सभामा पेश गरिएको ।
- गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता नियमावली, २०७९ स्वीकृत भै कार्यान्वयनमा रहेको ।
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ स्वीकृत ।
- प्याराग्लाइडिङ्गमा सोलो पाइलट तालिम सञ्चालन सम्वन्धी मापदण्ड, २०७८ स्वीकृत ।
- उद्यमी तथा लगानीकर्ता सम्मेलनको मापदण्ड स्वीकृत ।

**अन्य**

- मन्त्रालय मातहत निकायहरुमा रहेको बेरुजु शत प्रतिशत फछ्र्यौट गरिएको ।
- आगामी आ.व.को नीति तथा कार्यक्रममा घोषणा भए बमोजिम पर्यटन सम्वन्धी कार्य साविक घरेलु तथा साना उद्योग कार्यालयहरुबाट कार्यान्वयन गर्ने गरी मन्त्रालय अन्तरगतका निकायहरुको सँगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन सहमतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालयमा पठाईएको ।
- मन्त्रालय र अन्तरगतका निकायमा भौतिक पूर्वाधार तथा Logistics व्यवस्थापन गरिएको ।

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :-

कार्यालय प्रमुखः ज्ञानेन्द्र पौडेल, सचिव

सूचना अधिकारीः बिमल प्रसाद गौतम, शाखा अधिकृत

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:-

१. औद्योगिक व्यवसाय ऐन, २०७५
२. प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६
३. बजार अनुगमन नियमावली, २०७६
४. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७८
५. होमस्टे सशक्तिकरण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास कार्यसञ्चालन कार्यविधि (पहिलो संशोधन), २०७६
६. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

२०७८ फागुन मसान्तसम्म यस मन्त्रालय र मातहत निकायमा विनियोजित बजेट तथा खर्चको अवस्था

| क्रम | निकायको नाम | चालु | | पुँजिगत | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | प्रतिशत |
| १ | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | 49979.00 | 33873.86 | 57930.00 | 23934.18 | 107909.00 | 57808.03 | 53.57 |
| २ | उद्योग वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालय | 18606.00 | 12459.01 | 350.00 | 257.52 | 18956.00 | 12716.52 | 67.08 |
| ३ | पर्यटन कार्यालय पोखरा | 12150.00 | 8594.53 | 168000.00 | 142879.92 | 180150.00 | 151474.44 | 84.08 |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय, गोरखा | 9444.00 | 7254.03 | 6350.00 | 3782.96 | 15794.00 | 11036.99 | 69.88 |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय, तनहुँ | 10503.00 | 7421.62 | 4350.00 | 4039.99 | 14853.00 | 11461.61 | 77.17 |
| ६ | घरेलु तथा साना उद्योग कार्यालय, नवलपुर | 12619.00 | 8707.63 | 4050.00 | 2469.76 | 16669.00 | 11177.40 | 67.06 |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय, पर्वत | 9341.00 | 9080.28 | 5500.00 | 4894.25 | 14841.00 | 13974.53 | 94.16 |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय, बाग्लुङ | 9294.00 | 8270.92 | 11250.00 | 9200.98 | 20544.00 | 17471.90 | 85.05 |
| ९ | घरेलु तथा साना उद्योग कार्यालय, मनाङ | 8506.00 | 4333.02 | 2450.00 | 2449.51 | 10956.00 | 6782.53 | 61.91 |
| १० | घरेलु तथा साना उद्योग कार्यालय, मुस्ताङ | 8520.00 | 3418.72 | 1650.00 | 1587.74 | 10170.00 | 5006.46 | 49.23 |
| ११ | घरेलु तथा साना उद्योग कार्यालय, म्याग्दी | 7700.00 | 6083.87 | 3600.00 | 3275.82 | 11300.00 | 9359.69 | 82.83 |
| १२ | घरेलु तथा साना उद्योग कार्यालय, लमजुङ | 9361.00 | 7251.35 | 3780.00 | 3579.11 | 13141.00 | 10830.46 | 82.42 |
| १३ | घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्गजा | 11144.00 | 9105.66 | 4275.00 | 4061.40 | 15419.00 | 13167.06 | 85.40 |
| १४ | घरेलु तथा साना उद्योग कार्यालय,कास्की | 15808.00 | 10704.01 | 7150.00 | 6552.16 | 22958.00 | 17256.18 | 75.16 |
| | जम्मा | **192975.00** | **136558.50** | **280685.00** | **212965.30** | **473660.00** | **349523.80** | **73.79** |

१४. सार्वजनिक निकायको वेभसाइट

यस मन्त्रालयको वेभसाइट https://www.motics.gandaki.gov.np रहेको छ ।

१५. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

हालसम्म सवै सूचना खुला रहेको ।

**१६. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन**

माग भएको र उपलव्ध गराएको सूचना संख्या - २

**१७. मन्त्रालयले गरेको प्रकाशनको विवरण**

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट https://www.motics.gandaki.gov.np मा हेर्न सकिने छ ।